# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, चैत ३ गते, २०७८ साल (संख्या ५०


## भाग ३

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८**

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा संशोधन** : सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १४ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्:-

"(१) नियम १०, ११ र १३ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) दश करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) बीस करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट, र

(घ) बीस करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।

(२) नियम १२ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पचास लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट, र

(घ) एक करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।"

३. **<u>मूल नियमावलीको नियम २६ मा संशोधन</u>** : मूल नियमावलीको नियम २६ को,-

"(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) विगत पाँच वर्षमा एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्रयाक्टरको रूपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका देहाय बमोजिमको खरिद सम्झौता गरी कार्य सम्पन्न गरेको र प्रमुख निर्माण गतिविधिको लागत अनुमानमा उल्लिखित परिमाणको कम्तीमा असी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशत वार्षिक उत्पादन दर (प्रोडक्सन रेट) वा सङ्ख्या वा परिमाणको आधारमा सम्पन्न गरेको विशेष अनुभवः-

**(१)** एक अर्ब रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा असी प्रतिशत रकम बराबरको कम्तीमा एउटा,

**(२)** एक अर्ब रुपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा असी प्रतिशत रकम बराबरको कम्तीमा एउटा वा लागत अनुमानको कम्तीमा दुई तिहाई रकम बराबरको कम्तीमा एउटा र लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत रकम बराबरको कम्तीमा एउटा गरी कम्तीमा दुईवटा ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क), (२ख) र (२ग) थपिएका छन् :-

"(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) बमोजिम दुईवटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुक्त उपक्रमका साझेदारहरुले हासिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको अलग अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिनेछ ।

(२ख) उपनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा जटिल प्रकृतिको निर्माण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदारले एकलौटी रूपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्र्याक्टरको रूपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिका न्यूनतम रूपमा कुल विशेष अनुभवको कम्तीमा दश प्रतिशत रकम बराबरको एउटा खरिद सम्झौता सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव हुनुपर्ने गरी निर्धारण गर्न सकिनेछ।

(२ग) सार्वजनिक निकायले उपनियम (१) बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरू तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम ३१ङ. मा संशोधन</u> : मूल नियमावलीको नियम ३१ङ. को उपनियम (१) मा रहेका "एक अर्ब रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन अर्ब रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम ३१च. मा संशोधन** : मूल नियमावलीको नियम ३१च. को सट्टा देहायको नियम ३१च. राखिएको छः-

"३१च. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिनेः (१) अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा एकल रूपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क रकमको पाँच प्रतिशतसम्म बढी बोल अङ्क भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रममा विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म संस्था वा कम्पनीलाई स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्साको अनुपातमा उपनियम (२) बमोजिम प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ ।"

६. **<u>मूल नियमावलीको नियम ३५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३५ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा सार्वजनिक निकायले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ।"

७. **<u>मूल नियमावलीको नियम ४७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४७ मा रहेका "सम्बन्धित सार्वजनिक निकायका प्रमुखले" भन्ने शब्दहरूको सट्टा "नियम १४ बमोजिमको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

८. **<u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (४ग) मा रहेका "सात गुणाले" भन्ने शब्दहरूको सट्टा "पाँच गुणाले" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (४घ) मा रहेका “सात गुणाले” भन्ने शब्दहरूको सट्टा “पाँच गुणाले” भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (४घ) पछि देहायको उपनियम (४घ१), (४घ२), (४घ३)र (४घ४) थपिएका छन्:-

"(४घ१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आह्वान हुने खुल्ला बोलपत्र प्रकृयामा निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा बढीमा पाँच वटा बोलपत्रको प्रकृयामा भाग लिन सक्नेछ ।

(४घ२) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य सो उपनियमको प्रयोजनको लागि गणना गरिने छैनः-

(क) यो उपनियम प्रारम्भ हुनु अघि बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको, वा

(ख) यो उपनियम प्रारम्भ भए पछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा नियम ११७ बमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश भई स्वीकृत भएको ।

(४घ३) यो उपनियम प्रारम्भ भए पछि आह्वान भएको बोलपत्र प्रकृयामा भाग लिँदा निर्माण व्यवसायीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाँच वटा भन्दा बढी बोलपत्र प्रकृयामा भाग नलिएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरी स्वघोषणा गरिएको विषयलाई सार्वजनिक निकायले बोलपत्र मूल्याङ्कन गर्दा नियम १४९ को उपनियम (६क) बमोजिमको अभिलेखसँग भिडाउनु पर्नेछ ।

(४घ४) उपनियम (४घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा अन्तर्राष्ट्रिय स्तरको पाँच वटा भन्दा बढी बोलपत्रको प्रकृयामा समेत भाग लिन सक्नेछ ।

तर त्यस्तो निर्माण व्यवसायीले यो उपनियम प्रारम्भ भए पछि आह्वान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रिय स्तरको तीन वटा वा सो भन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटा भन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिन सक्ने छैन ।"

(४) उपनियम (४ङ) को सट्टा देहायको उपनियम (४ङ) राखिएको छः-

"(४ङ) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालु अवस्थामा रहेको खरिद सम्झौताको सङ्ख्या, बोलपत्र सम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कागजातसाथ विवरण पेश गर्नु पर्नेछ। यसरी पेश भएको विवरण झुट्ठा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन प्रकृयाबाट हटाई ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानूनबमोजिम कुनै कारबाही हुनेमा त्यस्तो कारबाही समेत गरिनेछ।"

(५) उपनियम (४ङ१) मा रहेका "कर्जा सुविधा" भन्ने शब्दहरु झिकिएका छन् ।

९. **मूल नियमावलीको नियम ६७ मा संशोधन** : मूल नियमावलीको नियम ६७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) दश करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) बीस करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) पचास करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख,

(घ) पचास करोड रुपैयाँभन्दा बढीको विभागीय प्रमुख।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **मूल नियमावलीको नियम ७० मा संशोधन** : मूल नियमावलीको नियम ७० को,-

"(१) उपनियम (२) र (२क) मा रहेका "दश करोड" भन्ने शब्दहरुको सट्टा "पन्ध्र करोड" भन्ने शब्दहरु राखिएका छन।

(२) उपनियम (१३) को सट्टा देहायको उपनियम (१३) राखिएको छः-

"(१३) उपनियम (५) बमोजिम आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले पैंतीस दिनभित्र कार्य सम्पन्न हुने गरी छनौट गर्नु पर्नेछ।"

११. **मूल नियमावलीको नियम ८१क. मा संशोधन**: मूल नियमावलीको नियम ८१क. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको परामर्श सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) एक करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) पाँच करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख,

(घ) पाँच करोड रुपैयाँभन्दा बढीको विभागीय प्रमुख।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **मूल नियमावलीको नियम ८५ मा संशोधन** : मूल नियमावलीको नियम ८५ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान,"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) पाँच लाख रुपैयाँसम्मको लागत अनुमान भएको परामर्श सेवा,"

(२) उपनियम (१क) मा रहेका "बीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "पच्चीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखी सोही उपनियममा रहेका "पन्ध्र लाख रुपैयाँसम्मको" भन्ने शब्दहरू झिकिएका छन्।

१३. **मूल नियमावलीको नियम ८८ मा संशोधन** : मूल नियमावलीको नियम ८८ को,-

(१) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) उपनियम (१) बमोजिम तयार भई स्वीकृत लागत अनुमानको आधारमा खरिद प्रकृया अगाडि बढाउँदा पहिलो पटक कुनै बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएमा र लागत अनुमान तयार गर्दाको अवधिमा नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित क्षेत्रको उपभोक्ता मूल्य सूची र कृषि उपजको साविक मूल्य सूचीमा दश प्रतिशतभन्दा बढी बढ्न गएको भएमा रासन व्यवस्था गर्नुपर्ने सार्वजनिक निकायको प्रमुखले लागत अनुमान संशोधनको लागि उपनियम (२) बमोजिमको समिति समक्ष पेश गर्न सक्नेछ र यसरी पेश भएमा सो समितिले लागत अनुमान संशोधन गर्न सक्नेछ।"

(२) उपनियम (४) मा रहेका "उपनियम (३) बमोजिम लागत अनुमान स्वीकृत भएको" भन्ने शब्दहरुको सट्टा "उपनियम (३) वा (३क) बमोजिम लागत अनुमान स्वीकृत वा संशोधन भएको" भन्ने शब्दहरु राखी सोही उपनियममा रहेका "तालुक कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय" भन्ने शब्दहरुको सट्टा "तालुक कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

१४. मूल नियमावलीको नियम ९७ को ठाँउ ठाँउमा रहेका "वा लाभग्राही समुदाय" भन्ने शब्दहरु झिकिएका छन् ।

१५. <u>मूल नियमावलीमा नियम ९७क.थप</u> : मूल नियमावलीको नियम ९७ पछि देहायको नियम ९७क. थपिएको छः-

"९७क. <u>लाभग्राही समुदायबाट काम गराउन सकिनेः</u> (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य लाभग्राही समुदायबीच प्रतिस्पर्धा गराई गराउन सकिनेछः-

(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) लाभग्राही समुदायबाट गर्दा मितव्ययीता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने,

(ग) स्थानीय स्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने,

(घ) निर्माण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सिर्जना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने,

(ङ) निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा सञ्चालन लाभग्राही समुदायबाट हुन सक्ने ।

__स्पष्टीकरण__: यस नियमको प्रयोजनको लागि "लाभग्राही समुदाय" भन्नाले निर्माण कार्यबाट लाभान्वित हुने कम्तीमा पचास जना सदस्य भएको स्थानीय समूह वा समुदाय सम्झनु पर्छ र सो शब्दले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित लाभग्राही व्यक्तिहरुबाट प्रचलित कानूनबमोजिम गठित श्रम सहकारीलाई समेत जनाउँछ ।

(२) उपनियम (१) मा उल्लिखित रकमको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश भए सोसमेतको रकम समावेश हुनेछ र सार्वजनिक निकायले यस नियम बमोजिम लाभग्राही समुदायलाई रकम भुक्तानी दिँदा उल्लिखित रकम कट्टा गरेर मात्र दिनु पर्नेछ ।

(३) उपनियम (१) को प्रयोजनको लागि सम्बन्धित कामको प्रकृति, परिमाण, लागत अनुमान, कार्य सम्पन्न गर्नुपर्ने अवधि र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचनाको आधारमा सम्बन्धित लाभग्राही समुदायले सार्वजनिक निकाय समक्ष प्रस्ताव पेश गर्न सक्नेछन् ।

(५) उपनियम (४) बमोजिम लाभग्राही समुदायले प्रस्ताव पेश गरेमा सार्वजनिक निकायले सबै भन्दा कम कबोल गर्ने लाभग्राही समुदायसँग त्यस्तो काम सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको सम्झौतामा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, प्रत्येक कार्य इकाईमा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम, कार्य सम्पन्न गर्नु पर्ने अवधि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने,

(ग) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार लाभग्राही समुदायले गर्नु पर्ने,

(घ) सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका,

(ङ) अन्य आवश्यक कुरा ।

(७) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा लाभग्राही समुदायबीचमा प्रतिस्पर्धा हुने अवस्था नभएमा वा त्यस्तो सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव पेश नभएमा सार्वजनिक निकायले ऐन तथा यस नियमावली बमोजिमको अन्य प्रकृयाबाट त्यस्तो निर्माण कार्य गराउन सक्नेछ ।

(८) लाभग्राही समुदायले प्रत्येक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समुदायको सञ्चालक समितिबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सकिने छैनः-

(क) एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नु पर्ने प्रकृतिको निर्माण कार्यलाई खण्डीकरण गरी अलग अलग प्याकेज बनाईएको,

(ख) लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशत भन्दा कम भएको,

(ग) लागत अनुमान अनुसार मेसिन औजारको लागत भार बीस प्रतिशत भन्दा बढी भएको ।

(१०) यस नियमबमोजिम लाभग्राही समुदायबाट काम गराउँदा नियम ९७ को उपनियम (७), (८), (९), (९क), (१०), (११), (१२), (१३), (१३क), (१४) र (१५) को व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुनेछ ।"

१६. **मूल नियमावलीको नियम ११२ मा संशोधन** : मूल नियमावलीको नियम ११२ को उपनियम (१) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शव्दहरूको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शव्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **मूल नियमावलीको नियम ११७ मा संशोधन** : मूल नियमावलीको नियम ११७ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ ।"

१८. **मूल नियमावलीको नियम १२० मा संशोधन** : मूल नियमावलीको नियम १२० को सट्टा देहायको नियम १२० राखिएको छः-

"१२०. खरिद सम्झौताको अवधि थप गर्न सकिने : (१) ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ। त्यसरी जाँचबुझ गर्दा वा गराउँदा देहायको अवस्था देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले अवधि र कारण खुलाई म्याद थप गर्न सक्नेछः-

(क) सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौता बमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको,

(ख) ऐनको दफा ६७क. बमोजिम कागजात झिकाएको कारणबाट काममा ढिलाइ भएको, वा

(ग) विपद् वा अन्य काबु बाहिरको परिस्थितिको कारण सम्झौताबमोजिमको काम हुन सक्ने अवस्था नभएको।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा सो उपनियम बमोजिमको अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ।

(४) उपनियम (१) बमोजिम परेको निवेदनका सम्बन्धमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम बमोजिमको म्याद थप सम्बन्धी कारबाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्र टुङ्ग्याउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (२) वा (३) बमोजिम म्याद थप गरिएकोमा म्याद थप गर्ने अधिकारीले सोको विस्तृत विवरण सहितको प्रतिवेदन एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(६) उपनियम (४) बमोजिमको अवधिभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धी कारबाही प्रक्रिया नटुङ्ग्याएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले आवश्यक निर्णयको लागि खरिद सम्झौताको अवधि समाप्त भएको सात दिनभित्र एक तह माथिको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा एक तह माथिको अधिकारीले छानबिन गरी सो निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र म्याद थप सम्बन्धी कारबाही प्रक्रिया टुङ्ग्याउनु पर्नेछ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि खरिद सम्झौता अनुसारको काम सम्पन्न भइसके तापनि म्याद समाप्त भएका कारण फरफारक हुन नसकेका सम्झौताको हकमा सार्वजनिक निकाय वा आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी एक पटकको लागि यो नियम प्रारम्भ भएको तीस दिनभित्र बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गरी सम्झौता बमोजिमको भुक्तानी तथा फरफारक गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) उपनियम (८) बमोजिम म्याद थप गर्दा पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु भन्दा तत्काल अघि कायम रहेको व्यवस्था तथा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०५।०३ को निर्णय बमोजिम खरिद सम्झौताको म्याद थप गर्नको लागि सार्वजनिक निकाय समक्ष निवेदन परेका तर सो सम्बन्धमा निर्णय भइनसकेका खरिद सम्झौताको हकमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र म्याद थप सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(११) यो नियम प्रारम्भ हुँदाका बखत सम्झौता बमोजिमको काम सम्पन्न नभएका र म्याद थप नभएका वा उपनियम (२) वा (३) बमोजिम म्याद थप हुन नसक्ने वा उपनियम (१०) बमोजिम म्याद थपको लागि निवेदन नपरेका वा त्यस्तो निवेदन परेकोमा सो उपर म्याद थप नभएको खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने, कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गर्ने र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने समेतको निर्णय सम्बन्धित अधिकारीले यो नियम प्रारम्भ भएको साठी दिन भित्र गरिसक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) उपनियम (११) बमोजिम कारबाही सम्बन्धी निर्णय गर्दा सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापरवाहीको कारण सम्पन्न नगरेको देखिएमा सार्वजनिक निकायले त्यस्तो निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(१३) यस नियम बमोजिम म्याद थपको कारबाही प्रक्रिया समयमा नटुङ्ग्याउने र म्याद थप भएका खरिद सम्झौताको कार्य प्रगतिको अनुगमन, मूल्याङ्कन र कारबाही समयमै नगर्ने सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई तालुक निकायले प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।"

१९. <u>मूल नियमावलीको नियम १२१ मा संशोधन</u> : मूल नियमावलीको नियम १२१ को,-

(१) खण्ड (क) मा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने।"

२०. <u>मूल नियमावलीको नियम १२४ मा संशोधन</u>: मूल नियमावलीको नियम १२४ को उपनियम (२क) पछि देहायको उपनियम (२क१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क१) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १२३ बमोजिम राखिएको रिटेन्सन मनी बापत बैङ्क जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिनेछ। यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैङ्क जमानतको म्याद त्रुटि सच्चाउने अवधिभन्दा कम्तीमा एक महिना बढि अवधिको हुनु पर्नेछ।"

२१. **<u>मूल नियमावलीको नियम १४९ मा संशोधनः</u>** मूल नियमावलीको नियम १४९ को उपनियम (६) पछि देहायको उपनियम (६क), (६ख) र (६ग) थपिएका छन्ः-

"(६क) सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद सम्झौताको अभिलेख राख्ने प्रयोजनको लागि विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नु पर्नेछ।

(६ख) सार्वजनिक निकायले निर्माणसँग सम्बन्धित खरिद सम्झौता गरेपछि सोको संक्षिप्त विवरण प्रमाणित गरी उपनियम (६क) बमोजिम स्थापना भएको विद्युतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(६ग) उपनियम (६क) बमोजिम विद्युतीय प्रणाली तयार नभएसम्मको लागि सार्वजनिक निकायले उपनियम (६ख) बमोजिमको विवरण आफ्नो कार्यालयमा अभिलेख राखी त्यस्तो विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ ।"

**आज्ञाले,**

**धनराज ज्ञवाली**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।